# नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

## सामान्य सेवा विभाग

खरिद इकाई (निर्माण), बालुवाटार

बैंकको केन्द्रीय कार्यालय अन्तर्गत सरसफाई सम्वन्धी कार्यको लागि बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०६५।७।२८)

सूचना नं.: सा.से.वि.(निर्माण) १

यस बैंकको केन्द्रीय कार्यालय परिसरका सबै भवन र टहराहरु तथा शौचालयहरु एवं मुलगेटको अग्र भाग, बैंक परिसरभित्रको सम्पुर्ण आंगन, चोक, बरण्डा, पेटी, बाटो, खुला ढल, मोटर तथा मोटरसाइकल ग्यारेजहरु र मूलगेटको अग्र भाग समेत सरसफाई गर्ने कार्य ठेक्काद्वारा गराउनु पर्ने भएकोले सरकारी तथा संगठित संघ संस्थामा सरसफाई सम्वन्धी कार्य गरेको अनुभवी इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएकोछ ।

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ४:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, खरिद इकाई(निर्माण) बालुवाटार र बैंकिंग कार्यालय, थापाथलीबाट पछि फिर्ता नहुने गरी **रु.५,०००।०० (पांच हजार मात्र)** तिरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउंदा निवेदनका साथ अद्यावधिक भएको फर्म दर्ता प्रमाण, सरसफाई सम्वन्धी काम गर्ने ईजाजत पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि साथै न्यूनतम वार्षिक पांच लाख पारिश्रमिक भन्दा बढी रकमको सरसफाई कार्य ३ वर्षसम्म गरेको अनुभव प्रमाणपत्रको प्रतिलिपि पेश गर्न अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) अपरान्ह १:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, खरिद इकाई (निर्माण), बालुवाटारमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ र सोही स्थान र दिनको दिउंसो ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र बोल्न बाधा नपर्ने) सिलवन्दी बोलपत्र खोलिनेछ ।

४. बोलपत्र फाराम साथ विडबण्ड वापत आफुले कबुल गरेको मूल्य अभिवृद्धि कर समेतको कबोल रकमको कम्तिमा पांच प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा ईजाजत प्राप्त बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी न्युनतम नब्बे दिनको मान्य अवधि भएको विडबण्ड संलग्न गर्नु पर्नेछ ।

५. संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा बोलपत्र पेश गर्ने भएमा बोलपत्र खरिद गर्दैका बखत संयुक्त उपक्रमको नाममा बोलपत्र खरिद गर्नु पर्नेछ । कुनै एक फर्म/कम्पनीले साझेदार वा व्यक्तिगत कुनै एउटा मात्र बोलपत्र पेश गर्न पाउनेछ साथै यसरी संयुक्त उपक्रममा बोलपत्र पेश गर्दा मुख्य हिस्सेदारको कार्य अनुभवलाई मान्यता दिइनेछ । दुईभन्दा बढी फर्म वा कम्पनीले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न पाउने छैन ।

६. बोलपत्रदाताले बोल अंक प्रस्ताव गर्दा बोलपत्र बमोजिमको काम स्तरीय रुपमा गर्न सक्ने गरी आवश्यक सामाग्री एवं व्यवस्था तथा नेपाल सरकारले तोकेको ज्याला दर बमोजिम कामदारलाई पारिश्रमिक दिने गरी बोल अंक प्रस्ताव गर्नु पर्नेछ ।

७. बोलपत्रमा उल्लेख भए बाहेक बोलपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी बोलपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ । बैंकलाई थप आर्थिक भार पर्ने गरी राखिएका कुनै पनि शर्त बैंकलाई मान्य हुने छैन ।

८. यस सरसफाई कार्यको अनुमानित लागत मु.अ.कर समेत रु.२१,०२,४८४।७८ (अक्षरेपि एक्काइस लाख दुई हजार चार सय चौरासी र पैसा अठहत्तर मात्र) रहेको छ ।

९. बोलपत्रदाता फर्म/कम्पनीका आधिकारिक प्रतिनिधिको उपस्थितिमा यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको १२:०० बजे बैंकको सामान्य सेवा विभाग, खरिद इकाई (निर्माण) मा बोलपत्र पेश गर्नु पूर्वको बैठक (प्रिविड मिटिङ्ग) गरिनेछ ।

१०. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, खरिद इकाइ (निर्माण), बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत राखिएको छ ।